# प्राक्कथन

नेपाली साहित्यको इतिहासमा कविता विधा एउटा सशक्त र समृद्ध विधा रहेको छ। सिक्किमको नेपाली कविताले पनि नेपाली कविताको मूल स्रोतको विकासमा केही थप योगदान दिएको छ र सिक्किमेली नेपाली कविताको अनुसन्धान गर्नु र त्यस्ता कविताहरूको विश्लेषणात्मक चर्चा गरेर तिनीहरूको मूल्याङ्कन गर्नु आवश्यक हुनुका साथै त्यसको उपयोगिता पनि रहेको देखिन्छ। त्यसैले 'नेपाली कविताको विकासमा सिक्किमको योगदान' (सन् १९४०-१९९०) विषयलाई अध्ययनको क्षेत्र बनाएर शोध गर्ने विचार राखेकी हूँ।

साहित्यको शिक्षणसँग पेशागत रूपले आफू धेरै वर्षदेखि संलग्न रहेकोले कवितामा रूचि रहेको हो। सिक्किम आफ्नो कर्मक्षेत्र भएकोले त्यहाँको कविता साहित्यसँग पनि म परिचित छु। सिक्किमको नेपाली कविताको गहन अध्ययन गर्ने मेरो उत्कट इच्छा अघिदेखिकै हो। अहिलेको भाषा-साहित्यको वातावरणमा यो एउटा आवश्यक पनि बन्न गएको छ र यसको आफ्नै महत्व पनि रहेको छ। त्यसैले प्रस्तुत शोध प्रबन्धको आफ्नै औचित्य रहेको ठान्दछु। यसबाट साहित्यको विकासमा सिक्किमले गरेको योगदान स्पष्ट हुनेछ र यसले साहित्यिक अनुसन्धानको क्षेत्रमा नयाँ आलोक दिनेछ भन्ने कुरामा पनि म विश्वस्त छु। शोधप्रबन्धको विषयमाथि चिन्तनमा डुबेका समयमा **वृहत समालोचना** (सन् १९८९) भित्र परेको मेरो सानो लेख "सिक्किममा साहित्यिक पत्रकारिताको विकास" माथि शोधकार्य गर्ने उत्साहवर्धक परामर्श लिएर श्री शिव प्रधानज्यू वरिष्ठ साहित्यकारत्रय सर्वश्री जनकलाल शर्मा, तुलसी बहादुर छेत्री र तुलसीराम शर्मा 'कश्यप' एकैचोटि मेरो वासस्थानमा आइपुग्नुभयो। सिक्किमको साहित्यको सन्दर्भमा शोध गर्नु आवश्यक र उपयोगी छ भन्ने सल्लाह र परामर्श पाउँदा नेपाली कवितालाई शोधको मूल विषय बनाई शोधकार्यमा प्रवृत्त हुने उत्साह र प्रेरणा मलाई प्राप्त भयो। यसकै फलस्वरूप "नेपाली कविताको विकासमा सिक्किमको योगदान" शीर्षकमा सन् १९९२ को सितम्बर महीनामा उत्तर बङ्ग विश्वविद्यालयमा मेरो शोधकार्य पञ्जीकरण भयो। तर अध्यापन कार्यका साथै विभागीय कार्यमा संलग्न रहनु परेकोले निश्चित अवधिमा प्रस्तुत शोधप्रबन्ध बुझाउन नसकेर सन् १९९७ मा शोधप्रबन्धको पुनः पञ्जीकरण गर्नु परेको कुरा पनि म यहाँ विनम्रताकासाथ उल्लेख गर्न चाहन्छु।

शोधचर्चा गर्दा शोधप्रबन्धको शीर्षक "नेपाली कविताको विकासमा सिक्किमको योगदान" राखिएको भए तापनि अध्ययन-अनुसन्धान गरेर हेर्दा यसको विषयमा आजसम्म सिक्किमको नेपाली कविताको विस्तृत चर्चा हुन नसकेको पाइएकोले प्रस्तुत शोध प्रबन्धलाई सिक्किमेली नेपाली कविता, कविताको परिचय र योगदानमा मात्र सीमित नराखी सिक्किमेली नेपाली कविताको विश्लेषणात्मक मूल्याङ्कनमा केन्द्रित राखिएको छ। यसरी सिक्किमको नेपाली कवितालाई एक प्राज्ञिक ढाँचामा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नुपर्ने नितान्त आवश्यकताबोध गरेरै यही विषयमा शोधकार्य गर्न अग्रसर भएँ।। प्रस्तुत शोध प्रबन्ध सोही

प्रयोजनको परिणाम हो।

प्रस्तुत शोध प्रबन्ध स्थूलकाय बन्न जाला भन्ने भयले सन् १९४०-१९९० भित्रको समयलाई मात्र आधार वर्ष मानिएको छ। सिक्किमका प्रमुख कवि र उल्लेखनीय कविता-कृतिहरूको चाहिँ यथासम्भव विस्तृत विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरिएको छ। काव्य-कृतिहरूको रचनाकाल एवं प्रकाशनकाल जनाउन, कविहरूको जन्म-मृत्युकाल जनाउन यथासम्भव ईश्वी सन्को प्रयोग गरिएको छ तापनि एकाध स्थानहरूमा चाहिँ ईश्वी सन् र विक्रम सम्वत् दुवैको प्रयोग गरिएको छ। त्यस्तै कविता-कृतिहरूको सङ्ख्या जनाउन यथासम्भव अक्षर सङ्ख्या प्रयोग गरिएको छ र एकाध स्थलहरूमा सुविधाका लागि अक्षर/अङ्क दुवैको पनि प्रयोग गरिएको छ।

शोध गर्न प्रेरित गर्नुभई आफ्ना अनेकौं व्यस्तताका बीचमा अलिकति पनि झर्को नमानी मलाई प्रस्तुत शोधप्रबन्धका लागि घरेलु पुस्तकालय अध्ययन गर्न दिनुका साथै सदैव स्नेहसिक्त भएर सर-सल्लाह दिएर मलाई शोधकार्यमा संलग्न भइरहने उत्साह र प्रेरणा दिने, म सँगसँगै सामाग्री सङ्कलनका लागि सम्पूर्ण सिक्किम भ्रमणमा जाने मेरा श्रद्धेय सर तुलसीराम शर्मा 'कश्यप' प्रति म चिरऋणी छु। उहाँको स्नेहसिक्त प्रेरणाले गर्दा नै मैले प्रस्तुत शोध प्रबन्धलाई यो रूप दिन सकेको हूँ। तर मैले समयमा प्रस्तुत शोध प्रबन्ध बुझाउन र उहाँलाई देखाउन नपाउँदै उहाँको दुःखद निधनको घटना घटेकाले मेरो शोध प्रबन्ध हेर्ने उहाँको उत्कट इच्छा र शोध प्रबन्धको तयारी रूप देखाउने मेरो मनको धोका धोकै रह्यो।

सामाग्री सङ्कलन र पुस्तकालयको सिलसिला लिएर काठमाण्डौ गएको बेला त्रिभुवन विश्वविद्यालको पुस्तकालयबाट सामाग्री सङ्कलन गर्न सहायता गर्ने विद्वान जनकलाल शर्मा, पुस्तकालयका प्रबन्धक महोदय, मेरा गुरु तुलसी बहादुर छेत्री, प्रा० वासुदेव त्रिपाठीप्रति म चिरऋणी छु। त्यस्तै उत्तरवङ्ग विश्वविद्यालयको ग्रन्थालय; जे० एन० यु०, दिल्ली; क्यापिटल लाइब्रेरी, कलकत्ता; कम्युनीटि लाइब्रेरी, गान्तोक; गेजिङ र नाम्चीका पुस्तकालयका प्रबन्धक महोदयहरूलाई पनि म कृतज्ञता ज्ञापन गर्दछु।

शोधकार्यका निम्ति अध्ययन, लेखन गर्ने क्रममा आफ्नो व्यस्तता एवं जरूरी कामलाई पर सारेर मलाई चाहिँदो सहयोग प्रदान गर्ने र शोधप्रबन्ध यथाशीघ्र प्रस्तुत गर्नुपर्छ भन्ने विषयमा प्रेरित गर्ने मेरा स्नेहसिक्त पूज्य बाबा श्रीरामभक्त पराजुली र आफ्नो गृहस्थी छाड़ेर दुइ वर्ष मसँगै बसेर मेरो काखको छोरा समेत हुर्काइदिनुहुने मेरी ममतामयी आमा श्रीमती कौशल्यादेवी पराजुलीप्रति म चिरऋणी छु।

प्रस्तुत शोधप्रबन्ध लेखनको समय कहिलेकाहीं हताश भई शोधकार्यलाई अघि नबढ़ाउने निर्णयतर्फ लागेका बेला मेरो जाँगर पुनर्जीवित गराइदिनुहुने र मेरा हरेक आवश्यकता तत्कालै पूर्ण गर्न सहयोग गर्नुहुने

मेरा पति घनश्याम शर्मा (नेपाल) प्रति म सदैव ऋणी रहेको छु।

शोधकार्यको समयमा पुस्तककादि, पत्रिकादि दिएर मलाई सहयोग गर्नुहुने सर्वश्री नरबहादुर भण्डारी, राधाकृष्ण शर्मा, सुकराज सुब्बा, उपमान बस्नेत, बीरभद्र कार्कीढोली, शिव प्रधान, प्रद्युम्न श्रेष्ठ, कुबेर चन्द्र दाहाल, गोपाल प्रसाद दाहाल, हीरालता शर्माप्रति म आभारी छु र उहाँहरू सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। त्यस्तै मलाई सगिनी, जुहारी, दम्के गाएर सुनाइदिने रम्फू-माझीटार निवासी मनमाया छेत्री, लोकगीत गाइदिने बेञ्जामिन राई, सिरीकुमार पाखरिन, सानुभाइ शर्मा, महाल गाइदिने नर्वदा सुवेदी प्रभृति सहयोगीहरूलाई साधुवाद नदिई रहन सक्तिनँ।

यसरी नै मलाई शोधकार्यमा निरन्तर जुटिरहन प्रेरणा-प्रोत्साहन दिनुहुने र बस्न-खानमा समेत प्रबन्ध मिलाई सहयोग गर्नुहुने श्रद्धेय गुरुमा श्रीमती मलयादेवी उपाध्यायप्रति पनि म आभारी छु।

मेरो यस शोधकार्यका निम्ति प्रथम शोध विषय १९९२ मा पञ्जीकरण गराउन र निर्धारित अवधिमा शोधकार्य पूरा गर्न नसक्दा सन् १९९७ मा पुनः पञ्जीकरण गराउन, प्रस्तुत शोध प्रबन्धको प्रारूप तयार पार्नदेखि लिएर प्रस्तुतिकालसम्मै मलाई आत्मीयतासँग कुशल निर्देशन दिनुहुने मेरा शोधनिर्देशक एवं पूज्य गुरुवर प्रो० डा० भीमकान्त उपाध्यायप्रति म हार्दिक आभार व्यक्त गर्दछु।

प्रस्तुत शोधप्रबन्धको कम्प्युटर टङ्कनमा विरक्त नमानी तत्कालै सहयोग गर्नुहुने भाइ रोशन छेत्रीलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु।

शोधार्थी

पुष्पशर्मा

पुष्प शर्मा

नेपाली विभाग
सिक्किम सरकारी महाविद्यालय, तादोङ
गान्तोक।

दिनाङ्क : 2.6.2001